रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : १३ मिति : २०८०/०७/१५

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो कार्यविधि सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

## रंगेली दोहमना पशु तथा कृषि हाटबजार सञ्चालन कार्यविधि, २०८०

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८०/०४/१८

# रंगेली दोहमना पशु तथा कृषि हाटबजार सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना

नेपालमा कृषि तथा पशुपन्छीजन्य उत्पादनमा वृद्वि गर्ने प्रयास संस्थागत रुपमा विगत पाँच-छ दशक भन्दा अघिदेखि जारी छ । यसबाट गाई, भैंसी, खसी, बोका आदि विभिन्न पशु तथा कृषि उपजको उत्पादकत्व तथा उत्पादनमा उल्लेखनीय वृद्धि समेत हुदै आएको छ । यसको बाबजुद माग अनुसार विभिन्न कृषिजन्य तथा पशुजन्य बस्तुको पर्याप्त उत्पादन नभएकोले कृषि तथा पशुजन्य बस्तुको आयातमा ठूलो धनराशी खर्च पनि भईराखेको छ । कृषकलाई कृषि तथा पशुजन्य उत्पादन वृद्वि गर्न अझ बढी प्रोत्साहित गर्नका लागि उत्पादित कृषि उपज (साग, सब्जी, तेलहन, दलहन, फलफूल, तरकारी, बीउबीजन आदि) तथा पशु (गाई, भैंसी, खसीबोका, बंगुर, कुखुरा, हाँस आदि) सहज तरिकाले खरीद बिक्री गर्न पाउने व्यवस्था मिलाउन बजार प्रणालीको विकास गर्नु जरुरी छ । यसबाट कृषकको आय बढ्ने र पशु तथा पशुजन्य उत्पादनको आयात प्रतिस्थापनमा पनि सहयोग पुग्ने छ ।

कृषकले उत्पादन गरेका पशु तथा पशुजन्य वस्तुबाट कृषक, व्यापारी र उपभोक्तालाई लाभ पुऱ्याउन व्यवस्थित तथा प्रतिस्पर्धात्मक कृषि तथा पशु बजार प्रणालीको विकास तथा व्यावस्थापन गर्न आवश्यक भएकाले रंगेली नगरपालिकाले रंगेली न.पा. वडा नं. ९ दोहमनामा संचालन हुने पशु हाट बजार विकास र व्यवस्थापन गर्नको लागि प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिका बैठकबाट यो "दोहमना पशु तथा कृषि हाटबजार संचालन कार्यविधि, २०८० " स्वीकृत गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो संचालन विधिको नाम **"दोहमना पशु तथा कृषि हाटबजार सञ्चालन कार्यविधि,२०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस पशु तथा कृषि हाटबजार सञ्चालन कार्यविधिमाः

(क) "समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिम गठित पशु तथा कृषि हाटबजार सञ्चालक समितिलाई सम्झनुपर्दछ ।

(ख) "पशु तथा कृषि हाटबजार" भन्नाले कृषि उत्पादन, बीऊ बीजन, पशु तथा पशुजन्य उत्पादनको बिक्री वितरण गर्ने उद्देश्यले सञ्चालित बजार सम्झनुपर्दछ । यसले पशु हाटबजार, पशु संकलन केन्द्र एवं मासु बजारलाई समेत जनाउने छ ।

(ग) "पशु संकलन केन्द्र" भन्नाले पशु उत्पादन क्षेत्र आसपास पायक पर्ने गरी पशुहरु जम्मा गरी बिक्री वितरण गर्ने उद्देश्यले निर्माण र संचालन गरिने संरचना सम्झनुपर्दछ ।

(घ) "पशु बस्तु" भन्नाले जीवीत पशुपंन्छी र पशुजन्य उत्पादन समेतलाई सम्झनुपर्दछ ।

(ङ) "पशुपन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेडा, बाखा, बंगुर जस्ता चौपाया तथा कुखुरा, हाँस, परेवा, अष्ट्रिच, टर्की, बट्टाई, जस्ता पंक्षी र माछा तथा सो खाले सबै जाति र उमेरका भाले र पोथीलाई समेत जनाउँदछ ।

(च) "पशुपन्छीजन्य उत्पादन" भन्नाले पशुपंछी पालनबाट उत्पादित प्रशोधित वा अप्रशोधित दूध, मासु वा सोबाट तयार हुने उपभोग्य खाद्यपदार्थहरुका अतिरिक्त पशुपन्छीको छाला, ऊन, हाड र सोबाट तयार हुने बस्तुहरु समेतलाई जनाउँदछ ।

(छ) "नगरपालिका" भन्नाले रंगेली नगरपालिकालाई सम्झनुपर्दछ ।

(ज) "अध्यक्ष" भन्नाले पशु तथा कृषि हाटबजार समितिको अध्यक्ष सम्झनुपर्दछ ।

झ) "उपाध्यक्ष" भन्नाले पशु तथा कृषि हाट बजार समितिको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ञ)) "सदस्य" भन्नाले पशु तथा कृषि हाटबजार समितिको सदस्य सम्झनुपर्दछ ।

(ट) "मन्त्रालय" भन्नाले संघीय तथा प्रदेश सरकारको कृषि तथा पशु सम्बन्धी बिषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्दछ ।

(ठ) "सेवा शुल्क" भन्नाले यस कृषि तथा पशु हाटबजार उपलब्ध गराईएको र सेवा, सुविधा उपलब्ध गराए बापत प्राप्त हुने हाटबट्टी कर, इजाजत शुल्क, प्रवेश शुल्क, पशुबस्तु बिक्री गर्दा लाग्ने शुल्क तथा स्थान उपलब्ध गराए बापतको भाडा वा अन्य शुल्क सम्झनुपर्दछ ।

(ड) "बजार व्यवस्थापक" भन्नाले यस कार्यविधि बमोजिम तोकिएको वा नियुक्त गरिएको बजार व्यवस्थापक वा सदस्य सचिवलाई सम्झनुपर्दछ ।

३. उद्देश्य

(क) कृषि कार्यबाट उत्पादित उपजहरु, पशु उत्पादन पकेटहरुलाई बजारसँगको आबद्धता प्रदान गर्दै स्वस्थ्य जीवित पशुपंछी तथा पशुपंछीजन्य उत्पादन तथा कृषि सामाग्रीहरुको बजारीकरणमा टेवा पुऱ्याउने ।

(ख) जीवित पशुपंछीका बजारहरु सञ्चालनका विधि र प्रक्रियाहरुमा एकरुपता कायम गर्ने ।

(ग) स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय जीवित पशुपंक्षी, पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, विविधिकरण र बिक्री वितरण तथा उपलब्धता सुनिश्चत गर्न सघाऊ पुऱ्याउने ।

(घ) बजार सञ्चालन गर्ने एवं व्यवस्थित बजार सूचना प्रणालीको विकास गर्ने ।

(ङ) कृषि पशु तथा पशुजन्य पदार्थका उत्पादक, व्यापारी, व्यवसायी र आम उपभोक्ताको दक्षता र सचेतना अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

(च) कृषि तथा पशुजन्य पर्दाथको सहज आपूर्ति स्थिति अनुगमन गर्ने ।

(छ) पशुजन्य पदार्थको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सघाउ पुऱ्याउने ।

**४. संरक्षकको व्यवस्था:** रंगेली दोहमना पशु हाट बजारको संरक्षकको रुपमा रंगेली नगरपालिका वडा न. ९ को वडा अध्यक्ष रहनेछन ।

**५. दोहमना पशु तथा कृषि हाटबजार सञ्चालक समितिको गठन:**

१. हाटबजारमा निम्न बमोजिमको दोहमना पशु तथा कृषि हाटबजार सञ्चालक समितिको गठन हुनेछ:

क) रंगेलि नगरपालिकाको नगर सभा सदस्य मध्ये नगर प्रमुखबाट मनोनित १ जना – अध्यक्ष

ख) रंगेलि नगरपालिकाको कार्यपालिकाले तोकेको १ जना - उपाध्यक्ष

ग) हाटबजारको सेवा पुग्ने मुख्य प्रभाव क्षेत्र भित्रका व्यावसायिक कृषि तथा पशुपालनमा संलग्न सक्रिय कृषक समूह र सहकारीहरुमध्ये योग्यता, अनुभव र समावेशीताको आधारमा नगर प्रमुखबाट मनोनित एकजना महिला सहित २ जना – सदस्य

घ) हाटबजार स्थलको सेवा पुग्ने क्षेत्रका इजाजत लिई पशु खरिद बिक्रीको नियमित कारोबार गर्ने साथै अन्य व्यवसाय गर्ने व्यवसायीहरुमध्ये नगर कार्यपालिकाबाट मनोनित ४ जना - सदस्य

ङ) रंगेली नगरपालिका आर्थिक बिकास समिति संयोजक– सदस्य

(च) छिमेकी पालिका कानेपोखरी गाउँपालिकाले बजार क्षेत्रको नजिकका वडाबाट सिफारिस गरेको जनप्रतिनिधि १ जना– सदस्य

छ) रंगेली नगरपालिकाको पशु सेवा शाखाको प्रमुख– सदस्य

ज) नगरपालिका अन्तर्गत रहेका दुग्ध व्यवसायीहरु मध्ये नगर प्रमुखले मनोनयन गरेको २ जना– सदस्य

झ)रंगेली नगरपालिका वडा नं. ९ बाट निर्बाचित सदस्य मध्ये ३ जना - सदस्य

ञ) प्रहरी चौकी दोहमना प्रमुख – सदस्य

ट) राष्ट्रिय मान्यता राजनैतिक दलका प्रतिनिधिहरु ७ जना- सदस्य

ठ) समितिले वा नगरपालिकाले तोकेको बजार व्यवस्थापक - सदस्य-सचिव

ढ) बुँदा (ठ) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले आफ्नै स्रोतबाट बजार व्यवस्थापक नियुक्त नगरेसम्मको लागि रंगेली नगरपालिकाले तोकेको व्यक्तिले बजार व्यवस्थापक तथा सदस्य सचिवको रुपमा कार्य गर्नेछ ।

(ण) अध्यक्ष, पशु सेवा शाखा प्रमुख र व्यवस्थापक बाहेकका सदस्यहरुको पदावधि ३ (तीन) वर्षको हुनेछ र निजहरु पुनः मनोनित हुन सक्नेछन् । सञ्चालक समितिको म्याद सकिने १५ दिन अगाडि नै पुनर्गठन हुनुपर्नेछ । रंगेली नगरपालिकाले निर्णय गरी विद्यमान समितिकै कार्यकाल समेत थप गर्न सक्नेछ ।

(त) वडा अध्यक्ष, पशु सेवा शाखा प्रमुख र बजार व्यवस्थापकको हकमा उनीहरु आफ्नो पदमा बहाल रहेसम्म समितिमा बहाल रहनेछन ।

(थ) समितिले सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संघसंस्थाको, प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(द) हाटबजार सञ्चालक समितिका सदस्य संख्यामा थपघट गनुपर्ने अवस्थामा संचालक समितिको सिफारिसका आधारमा नगर प्रमुखले थपघट गर्नसक्नेछ ।

(ध) सल्लाहकार समिति : यस समितिले तपसिल अनुसारको सल्लाहकार समिति गठन गर्ने छ ।

- नगर प्रमुख, रंगली नगरपालिका
- नगर उप प्रमुख, रंगली नगरपालिका
- प्रमुख प्रशासकिय अधिकृत,रंगली नगरपालिका
- निवर्तमान वडा अध्यक्ष,रंगली नगरपालिका वडा नं ९

न) लेखा समिति: यस समितिले सदस्यहरु मध्येबाट १ जना संयोजक सहित ३ सदस्यीय लेखा समिति गठन गर्नेछ ।

प) सचिवालय : दैनिक रुपमा हाटबजार व्यवस्थापन सम्बन्धी निर्णय गर्न सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष सहित उपदफा १ बमोजिम गठन हुने समितिको (ङ) (छ) (झ) (ञ) र (ठ) बमोजिमका पदेन सदस्यहरु सहित ९ सदस्यहरु रहको सचिवालय गठन गरिनेछ । सचिवालयले गरेका निर्णयहरु समितिको बैठकबाट अनुमोदन हुनेछन । सचिवालयको प्रत्येक बैठकमा संरक्षकलाई आमन्त्रण गर्नुपर्नेछ

**६. सदस्यहरुको योग्यता:**

सञ्चालक समितिको सदस्य हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनुपर्नेछ:

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष उमेर पुरा भई ६० बर्ष ननाघेको ।

(ग) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

(घ) मगज नबिग्रेको,

(ङ) कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पूरा भएको,

(च) पशु बजारको कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको ।

**७. समितिको काम, कर्तव्य र अधिकार**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) कृषि उपजहरु, जीवित पशु उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न जीवित पशु बजारको लागि आवश्यक भौतिक सुविधाहरु लगायतको व्यवस्था गरी सो बजारलाई प्रतिस्पर्धात्मक रुपमा सञ्चालन गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

(२) माथि उल्लेखित कर्तव्य पालन गर्नको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ-

(क) कृषि तथा पशु हाटबजार स्थलको विकास, विस्तार र गुणस्तरीयसेवा प्रवाह गर्ने सम्बन्धमा कार्य योजना बनाई लागु गर्ने, बजार व्यवस्थापन सम्बन्धमा नीति निर्धारण गर्ने तथा सोको कार्यान्वयन गर्ने ।

(ख) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउने ।

(ग) बजार व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने । बजार सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी दरबन्दी, सेवा शर्त र सुविधा एकीन गरी स्वीकृतिका लागि रंगेली नगरपालिकामा पेश गर्ने ।

(घ) पशु हाटबजारको उद्देश्य प्राप्त गर्न कार्यविधिहरु बनाई स्वीकृतिका लागि रंगेली नगरपालिकामा पेश गर्ने ।

(ङ) कृषक, व्यापारी, संघ, संस्था, निकाय वा व्यक्ति विशेषको लागि बजार सुविधा उपलब्ध गराउने ।

(च) कृषि तथा पशु हाटबजारमा सुविधाहरु उपलब्ध गराएबापत लिनु पर्ने आवश्यक सेवा शुल्क सम्बन्धित व्यक्ति वा निकायबाट असुल गर्ने ।

(छ) हाटबजार सञ्चालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(ज) हाटबजार स्थललाई सफा सुग्घर राखी स्वस्थ वातावरण कायम गर्ने ।

(झ) हाटबजार स्थलको मर्मत संभार तथा संरक्षणको व्यवस्था मिलाउने ।

(ञ) हाटबजार संचालन व्यवस्था सम्बन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

(ट) पालिकाका प्राविधिकको सहयोगमा योजना तर्जुमा, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने तथा पालिकाबाट सो स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने ।

(ठ) हाटबजार सम्बन्धी सूचना तथा जानकारीहरु सम्प्रेषण गर्ने ।

(ड) हाटबजारको विकास, विस्तार र हाटबजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने

(ढ) स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहेर खर्च गर्ने ।

(ण) बिक्री गर्न ल्याएको कृषि उपज तथा पशुपन्छीको अवस्था हेरी/जांच गरी अस्वस्थ तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्न सक्ने पशुपन्छी खरिद बिक्री गर्न नपाइने व्यवस्था मिलाउने

(त) कृषि तथा पशु हाटबजारमा कारोबार गर्ने व्यक्तिले प्रमाणित नापतौल प्रणाली तथा आधिकारिक निकायबाट प्रमाणित/स्वीकृत नापतौल विपरित कार्य गरेको पाइएमा सामाग्री/उपकरण जफत गरी कारबाही गर्ने ।

(३) कृषि तथा पशु हाटबजारलाई नमूना बजार बनाउन निम्न सुविधाहरु निर्माण गर्नेः

(क) व्यापारी र पशुलाई गर्मी र वर्षाबाट बचाउन टहरा निर्माण ।

(ख) ढल निकासको व्यवस्था र आवश्यक पर्ने ठाउमा भुई ढलान ।

(ग) पशुहरुलाई गाडीबाट ओराल्न र चढाउनको लागि मंच, प्लेटफार्म निर्माण ।

(घ) व्यापारी/खरीदकर्ता र पशुहरुलाई खानेपानीको व्यवस्था ।

(ङ) आवश्यकता अनुसार शौचालय र खाजा घरको व्यवस्था ।

(च) फोहरमैला संकलन गर्ने भाँडा, औजार, उपकरणको व्यवस्था ।

(छ) कृषि तथा पशु हाटबजार कार्यालय र पशुपन्छी स्वास्थ्य परीक्षण र औषधोपचार केन्द्रको कोठा निर्माण ।

(ज) कृषि तथा पशु हाटबजार प्रवेश मार्ग सुधार ।

(झ) सूचना पाटी र होर्डिङ्ग बोर्डको व्यवस्था ।

(ञ) बिजुली बत्तीको व्यवस्था ।

(ट) पशु तौलने उपकरणको व्यवस्था ।

(ठ) जैविक सुरक्षाको लागि आवश्यक संरचना र व्यवस्था ।

(ड) कृषि तथा पशु हाटबजारलाई पर्खालले घेरेर भित्र पस्न र निस्कनको लागि निश्चित स्थानमा ढोकाको व्यवस्था

(ढ) कृषि तथा पशु हाटबजारमा जैविक सुरक्षा सुनिश्चित गर्न मूल ढोकामा अनिवार्य रुपमा निसंक्रमण गर्ने औषधीयुक्त फुटबाथ र उपयुक्त क्षेत्रमा डिस्पोजल पिटको व्यवस्था ।

(ण) विभिन्न जातका पशुहरु राख्नको लागि अलग-अलग स्थानको व्यावस्था ।

(प) पशुहरुको लागि आवश्यक पर्ने दाना, घाँस, नल, पराल आदि राख्ने ठाउँको उचित प्रबन्ध ।

(फ) पशु हाटबजारमा ल्याइने र बिक्री गरिने पशुको रेकर्ड अध्यावधिक गरी राख्नको लागि अभिलेखीकरणको आवश्यक प्रबन्ध ।

(ब) बिक्री भएका पशुहरुको स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र जारी गर्ने सेवाको व्यवस्था ।

**८. समितिको बैठक र निर्णयः**

(क) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ । समितिको बैठक ४ महिनामा एकपटक अनिवार्यरुपमा बस्नुपर्नेछ । प्रत्येक बैठकमा संरक्षकलाई आमन्त्रण गर्नुपर्नेछ ।

(ख) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

(ग) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ ।

(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(छ) उप-समितिको गठन गर्न सक्नेः समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन समितिका कुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(ज) समितिको कार्यालय कृषि तथा पशु हाटबजार स्थल परिसर भित्र रहनेछ ।

**९. कृषि तथा पशु हाटबजार सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम विधिवत रुपमा कृषि तथा पशु हाटबजार समिति गठन भएको ६० (साठी) दिनभित्र रंगेली नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

**१०. समितिको कोषः**

(१) समितिको एउटा छुट्टै कोष हुनेछ । समितिको कोषमा देहायका रकमहरु रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिने छः

(क) रंगेली नगरपालिकाबाट प्रत्येक आर्थिक बर्षमा हाट बजार सरसफाई, कर्मचारी पारिश्रमिक तथा अन्य व्यवस्थापनको लागि प्राप्त रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा विभिन्न व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार/अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोग ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(२) समितिलाई प्राप्त रकम नेपाल राष्ट्र बैंकबाट बैकिङ्ग कारोबार गर्ने मान्यता प्राप्त “क” बर्गको बैकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा रंगेली नगरपालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(४) समितिलाई नेपाल सरकार, प्रदेश सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त गरेको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नुपर्नेछ

(५) समितिको कोषको संचालन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(६) समितिको खाता संचालन समितिको अध्यक्ष, उपाध्यक्ष र बजार व्यवस्थापक (सदस्य-सचिव) को अनिवार्य संयुक्त दस्तखतबाट हुनेछ ।

**११. आर्थिक प्रशासनः**

(१) समितिको आयव्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढाँचामा राखिनेछ ।

(२) समितिको लेखा परीक्षण आर्थिक कारोबारको आधारमा चार्टड एकाउन्टेण्ट वा रजिष्टर्ड लेखा परीक्षकबाट आर्थिक वर्ष सकिएको ३ महिनाभित्र गराउनु पर्नेछ ।

(३) समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक आयव्यय विवरण सहितको प्रतिवेदन रंगेली नगरपालिकामा बुझाउनुपर्नेछ ।

(४) समितिले प्रत्येक महिनाको आयव्यय विवरण सूचना पाटीमा सूचना टाँस गरी सार्वजनिक गर्नुपर्ने छ ।

(५) लेखा परीक्षणबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेछ ।

(६) समितिले आर्थिक कार्य गर्दा/गराउँदा प्रचलित ऐन, नियमको अधिनमा रही गर्नुपर्नेछ । आवश्यकतानुसार समितिले कार्यविधि स्वीकृत गरी सोही बमोजिम आर्थिक कार्य गर्नु/गराउनुपर्नेछ ।

(७) समितिको सम्पूर्ण आर्थिक कारोबार र खर्चको विवरण समितिको नियमित बैठकमा अनुमोदन गराउनु पर्नेछ ।

**१२. पशु हाटबजारको आम्दानी सम्बन्धमा**

रंगेली नगरपालिकाबाट बजारको हाटबट्टी कर संकलन गर्दा वा ठेक्का व्यवस्थापन गर्दा संकलन हुने रकमको १०० प्रतिशत रकम रंगेली नगरपालिकाको राजश्व खातामा जम्मा गरिनेछ ।

**१३. दरबन्दी स्वीकृत गर्नेः**

हाटबजार समितिलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी समितिले प्रस्ताव गरी रंगेली नगरपालिकाबाट स्वीकृत गराउनुपर्नेछ ।

**१४. कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) समितिको नियमित कार्य संचालन गर्नको लागि समितिले आफ्नो आर्थिक क्षमता अनुसार स्वीकृत दरबन्दीको आधारमा कर्मचारी व्यवस्था गर्न सक्नेछ ।

(२) यस विधिबमोजिम समितिको लागि आवश्यक कर्मचारी पदपूर्ति गर्न देहाय बमोजिमको "पदपूर्ति उप-समिति" रहनेछ ।

| | |
|---|---|
| (क) समितिका अध्यक्षले तोकेका सदस्य | अध्यक्ष |
| (ख) रंगेली नगरपालिकाको प्रतिनिधि | सदस्य |
| (ग) बजार व्यवस्थापक | सदस्य-सचिव |

(३) बजार व्यवस्थापक नियुक्त गर्नुपर्ने भएमा सो पदपूर्ति समिति निम्नानुसार हुनेछः

| | |
|---|---|
| (क) हाटबजार सञ्चालक समितिका अध्यक्ष | अध्यक्ष |
| (ख) रंगेली नगरपालिकाको प्रतिनिधि | सदस्य |
| (ग) हाटबजार समितिको अध्यक्षले तोकेको सदस्य | सदस्य-सचिव |

(४) हाट बजार समितिको विनीयमावलीमा कर्मचारीको नयाँ नियुक्ति वा बढुवा सम्बन्धमा छुट्टै स्पष्ट व्यवस्था नभएमा रंगेली नगरपालिकाले पालना गर्ने व्यवस्थालाई अवलम्बन गर्नुपर्नेछ ।

(५) समितिका कर्मचारीहरुको परिचालन तथा अन्य सेवा सम्बन्धी सुविधाहरुको पूर्ण दायित्व समितिमा हुनेछ ।

**१५. व्यवस्थापकको नियुक्ति**

(१) दैनिक प्रशासकीय एवं हाटबजार संचालन, सूचना प्रवाह र तोकिएका अन्य काम गर्न समितिले एक बजार व्यवस्थापक नियुक्त गर्नेछ ।

(२) माथि उपदफा (१) बमोजिमको नियुक्ति गर्दा खुला प्रतिष्पर्धाको आधारमा गर्नेछ ।

**१६. व्यवस्थापकको योग्यताः**

बजार व्यवस्थापक पदको उम्मेदवार हुनको लागि देहायबमोजिमको योग्यता पुगेको हुनुपर्ने छ-

१) नेपाली नागरिक,

(२) २५ वर्ष पूरा भई ५० वर्ष ननाघेको,

(३) अर्थशास्त्र वा व्यवस्थापन विषयमा उच्च माध्यमिक तह उत्तीर्ण गरेको,

(४) कानून बमोजिम कुनै पनि किसिमको सजाय नपाएको भनी स्वघोषणा गरेको ।

**१७. व्यवस्थापकको काम, कर्तव्य, अधिकार र सुविधा :**

व्यवस्थापकको काम, कर्तव्य, अधिकार र सुविधा देहाय बमोजिम हुनेछ -

(१) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(२) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

(३) बजार व्यवस्थापनको लागि आवश्यक वार्षिक, अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(४) पशु हाटबजार विकाससँग सम्बन्धित विभिन्न निकायहरुसँग समन्वय राखी काम गर्ने ।

(५) समितिले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

(६) पशु हाटबजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोकेबमोजिम हुनेछ ।

**१८. प्राबिधिक सहयोग सम्बन्धि व्यवस्था:-** पशु हाटबजारको लागि पशु चिकित्सक लगायत आवश्यक प्राबिधिक सहयोगको व्यवस्था रंगेली नगरपालिकाबाट हुनेछ ।

**१९. स्टल वा स्थान वितरण सम्वन्धी व्यवस्था:**

(१) पशु हाटबजार स्थलमा स्टल वा पशु राख्ने ठाँउ आदिको भाडा निर्धारण गर्दा समितिले देहायका आधारमा निर्धारण गर्नेछ -

(क) पशु हाटबजार स्थापना र पूर्वाधार विकासमा भएको लगानी,

(ख) हाटबजारको संचालन, व्यवस्थापन खर्च,

(ग) भौतिक संरचना, उपकरण र सुविधाहरुको मर्मत संभार तथा बीमा खर्च,

(घ) पशु हाटबजारमा थप पूर्वाधार विकास एवं सुविधा विस्तारका लागि आवश्यक पर्ने लगानी,

(ङ) जनशक्ति परिचालन तथा उत्प्रेरणा खर्च,

(च) आकस्मिक आर्थिक दायित्व तथा जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने रकम,

(२) समितिद्वारा भाडा निर्धारण गरिने प्रक्रिया निम्नानुसार हुनेछ :-

(क) समितिले भाडामा उपलब्ध गराउने स्टल, स्थान आदिको वर्गीकरण गर्ने,

(ख) भाडा निर्धारणको आधारबमोजिमको खर्च अनुमान तथा बजार क्षेत्र वरिपरि प्रचलित भाडा दर समेतलाई मध्यनजर गरी आवधिक भाडा वृद्धिदर समेतको प्राविधिक प्रस्ताव तयार गर्ने,

(ग) समितिले भाडासम्वन्धी प्राविधिक प्रस्ताव रंगेली नगरपालिकाले प्राप्त अधिकार बमोजिम गठित भाडा निर्धारण समितिबाट स्वीकृत गराउने ।

**२०. पदाधिकारी तथा सदस्यलाई निलम्बन गर्न सकिने:**

पदाधिकारी तथा सदस्यले देहायको कसूर गरेमा निजहरुलाई व्यवस्थापन समितिले तीन महिनासम्म निलम्बनमा राख्न सक्नेछ -

(क) आर्थिक अनियमितता गरेमा,

(ख) पदीय अख्तियारको दुरुपयोग गरेमा,

(ग) शान्ति सुरक्षामा खलल गर्ने काम गरेमा ।

**२१. समितिलाई भंग गर्न सक्ने:**

(१) देहायको अवस्थामा रंगेली नगरपालिकाले दफा ५ बमोजिम गठित समिति भंग गरी अर्को व्यवस्था गर्न सक्नेछ-

(क) समिति निस्कृय रही गठन भएको एक वर्षसम्म एउटा बैठक बस्न नसकेमा,

(ख) समितिले पालिकाबाट प्राप्त निर्देशन पालना नगरेमा,

(ग) हाटबजारको हित विपरित हुने कार्य गरेमा वा आर्थिक अनियमितता गरेको पाईएमा ।

(२) उपदफा (१) बमोजिम समिति भंग गर्नु पूर्व समितिका सबै पदाधिकारी वा पदाधिकारी विशेषलाई सफाईको मौका दिनुपर्नेछ ।

**२२. कृषि तथा पशु हाटबजार संचालन सम्बन्धी अन्य व्यवस्था**

दफा २१ बमोजिम समिति भंग भएमा र अर्को समिति गठन नभएसम्मको लागि पालिकाले बैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

**२३. बरबुझारथ**

निवर्तमान समितिले नवगठित समितिलाई आफ्नो जिम्माको सम्पूर्ण जिन्सी, नगद, आयव्यय विवरण तथा कागजात पदावधि समाप्त भएको १५ दिनभित्र बुझाउनु पर्नेछ र सोको जानकारी पालिकालाई दिनुपर्नेछ ।

२४. **बजारको स्वामित्व**

हाटबजारमा विकास गरिएका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व रंगेली नगरपालिकामा रहनेछ । समितिले बजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा बढीको दायित्व लिने गरी वा आफ्नो पदावधि भन्दा बढी अवधिको लागि नगरपालिकाको पूर्व स्वीकृत बिना कसैसँग कुनै पनि सम्झौता गर्ने छैन ।

२५. **बीमा सम्बन्धी व्यवस्था:**

बजारमा भएका स्थायी भौतिक संरचना, मेसिन-उपकरण एवं सवारी साधनहरुको सम्भव भएसम्म बीमा गराउनु पर्नेछ ।

२६. **सुविधा सम्वन्धी व्यवस्थाः**

समितिका पदाधिकारी एवं कर्मचारीलाई समितिको कामको सिलसिलामा प्रदान गरिने भ्रमण खर्च लगायत अन्य सुविधाहरु समितिका आर्थिक नियमावलीमा तोकिए बमोजिम हुनेछ र आर्थिक नियमावली नभएको अवस्थामा प्रचलित कानुन अनुसार हुनेछ ।

२७. **स्थान, समय तोक्न सक्नेः**

हाटबजार समितिले रंगेली नगरपालिकाको स्वीकृतिमा सर्वसाधारणको सुविधा, सरसफाई तथा ट्राफिक व्यवस्था समेतलाई दृष्टिगत गरी कृषि उपज तथा पशुपन्छी खरिद बिक्री कार्यको लागि यस विधि प्रतिकूल नहुने गरी निश्चित समय, स्थान र प्रक्रिया तोक्न सक्नेछ ।

२८. **निर्णय मान्य हुनेः**

यो कार्यविधिमा भएका पशु हाटबजार सञ्चालन सम्बन्धी कुनै दफा वा व्यवस्थामा वा पशु हाटबजार समितिको निर्णयमा चित्त नबुझे रंगेली नगरपालिकामा उजुर गर्न सकिनेछ र त्यस्तो अवस्थामा पालिकाको निर्णय मान्य हुनेछ ।

२९. समितिले निर्णय गरे बमोजिमको छाप तथा लोगो प्रयोग गर्नेछ ।

३० **कार्यविधीमा संशोधनः**

रंगेली नगरपालिकाको कार्यपालिकाले यो संचालन कार्यविधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

आज्ञाले,<br>
ओमकार प्रसाद न्यौपाने<br>
प्रमुख प्रशासकीय अधिकृत